बैठक सङ्ख्या : ४०
मिति : २०८१।१२।२१ गते
समय : दिनको १२:३० बजे
स्थान : पुथा उत्तरगङ्गा गाउँपालिकाको कार्यालय

आज मिति २०८१ साल चैत्र महिनाको २१ गते बिहिबार दिनको १२:३० बजे यस पुथा उत्तरगङ्गा गाउँपालिकाका अध्यक्ष एवम् कार्यपालिकाका अध्यक्ष श्री पुनीराज घर्तीज्यूको अध्यक्षतामा पुथा उत्तरगङ्गा गाउँ कार्यपालिकाको ४० औं बैठक बसी तपसिलका उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु गरियो ।

**तपसिल :**

| | |
|---|---|
| पुनीराज घर्ती | कार्यपालिका अध्यक्ष |
| विरमान कामी | १ नं. वडा अध्यक्ष |
| बम बहादुर बुढा | ३ नं. वडा अध्यक्ष |
| सुर बहादुर बि.क. | ४ नं. वडा अध्यक्ष |
| टिकासाई घर्ती मगर | ५ नं. वडा अध्यक्ष |
| हर्क प्रसाद रोका | ९ नं. वडा अध्यक्ष |
| भरत बुढा | १० नं. वडा अध्यक्ष |
| कुमार सिंह | ११ नं. वडा अध्यक्ष |
| दिलमान पुन | १२ नं. वडा अध्यक्ष |
| द्रवेश बुढा | १४ नं. वडा अध्यक्ष |
| जोर कुमारी बुढा | कार्यपालिका सदस्य |
| जानु छन्त्याल | कार्यपालिका सदस्य |
| राजकुमार सुनार | कार्यपालिका सदस्य |
| जुन प्रसाद बुढा | १३ नं. का.वा. अध्यक्ष |
| टेक बहादुर घर्ती | ७ नं. का.वा. अध्यक्ष |
| ध्रुव वि.क. | सदस्य सचिव |

CamScanner

**अन्य उपस्थिति :**

| | |
|---|---|
| हरि चन्द्र वि क | कम्प्युटर अपरेटर |
| हिक्मत पोर्तेल | कम्प्युटर अपरेटर |

**४० औं गाउँ कार्यपालिका बैठकका एजेण्डाहरू :**

१. अघिल्लो बैठकको निर्णयहरूको समीक्षा तथा कार्यान्वयन सम्बन्धमा ।
२. बजेट तथा योजना तर्जुमा सम्बन्धमा
३. गाउँपालिकाको रावश्व संकलनको अवस्था सम्बन्धमा ।
४. विभिन्न कार्यविभिहरुको छलफल तथा अनुमोदन सम्बन्धमा ।
५. विविध सम्बन्धमा

**निर्णयहरू :**

१. यस गाउँ कार्यपालिकाको ३९ औं कार्यपालिका बैठकमा भएका विभिन्न निर्णयहरू कार्यान्वयनको समीक्षात्मक छलफल र कार्यान्वयको लागि आवश्यक कार्य गर्नेतर्फ अग्रसर हुने निष्कर्षका साथ सदस्यहरूको गणपूरक सङ्ख्या पुगेकोले ४० औं कार्यपालिका बैठक प्रारम्भ गरियो ।

२. पुथा उत्तरगङ्गा गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत ध्रुव वि.क. ले प्रस्तुत गरेको बजेट तथा योजना तर्जुमा सम्बन्धि प्रतिवेदन अनुमोद गरी आगामी आर्थिक वर्ष २०८२।०८३ मा सोही प्रतिवेदन बमोजिम बजेट विनियोजन गर्ने ।साथै २०८२ बैशाख १५ गते सम्ममा वडा तथा टोल स्तरबाट योजना संकलन तथा तर्जुमा गर्ने निर्णय गरियो ।

३. पुथा उत्तरगङ्गा गाउँपालिकाको रावश्व संकलनको अवस्था सम्बन्धि राजश्व शाखा प्रमुखले प्रस्तुत गरेको राजश्व प्रतिवेदन अनुमोदन गर्ने । साथै नदिजन्य, जडिबुटी लगायतका अन्य राजश्व श्रोटहरुको पहिचान गरी राजश्वको दायरा बढाउने निर्णय गरियो ।

४. पुथा उत्तरगङ्गा गाउँपालिका भित्र कार्यक्षेत्र रहेका विभिन्न संघ संस्थासँग समन्वयन, गाउँपालिका भित्रका फोहोर मैला व्यवस्थापन तथा कृगि सञ्जाल संचालन लगायतका विषयमा सहजिकरण गर्न तपसिलका कार्यविधिहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**तपसिल**

१. गैर सरकारी संस्था समन्वय परिचालन र अनुगमन सम्बन्धि कार्यविधि, २०८१

२. पुथा उत्तरगङ्गा गाउँपालिकाको फोहोरमैला व्यवस्थापन निर्देशिका, २०८१

३. कृषक सञ्जाल संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१

५. विविध सम्बधमा

१. News24 टेलिभिजनको कार्यक्रम Call24 मा प्रसारित भई २०८१ साल चैत ७ गते सामाजिक सञ्जालमा यस गाउँपालिकामा कार्यरत कर्मचारीका विषयमा आएका टिकाटिप्पणीको विषयमा यस गाउँपालिकाको ३९ औं कार्यपालिकाबाट बनेको छानविन समितिका संयोजक द्रवेश बुढा द्वारा प्रस्तुत उक्त घटनाको छानविन प्रतिवेदन अनुमोदन गरी प्रतिवेदनले दुवैजनालाई दोषी ठहर गरेकोले बसम मल्लको नाममा रहेको सम्पूर्ण फर्ममा गाउँपालिका तथा गाउँपालिका अन्तरगतका कार्यालयवाट आर्थिक कारोबार नगर्नुका साथै आर्थिक कारोबार सम्बन्धि व्यसायीक गतिविधहरुमा अनुमति नदिने र निजसँग भविष्यमा कुनै पनि कामको लागि सम्झौता नगर्ने र समिर गिरीलाई गाउँपालिकाको स्वास्थ्य संयोजक पद मुक्त गरी निज कै साविक दरबन्दी रहेको मैकोटमा फिर्ता गरी साधारण कर्मचारी सरह काम गराउने र आगामी दिनमा नेतृत्व तहको कुनै पनि जिम्मेवारी नदिने निर्णय गरियो । साथै यो विषयमा अन्य कुनै नीकायमा कुरा उठेमा छानविन समिति र कार्यपालिकाले आवश्यक सहयोग गर्ने ।

२.पुथा उत्तरगङ्गा गाउँपालिका अन्तर्गतका कार्यालयका कर्मचारीहरूको सम्वन्धित शाखाले प्रस्तुत गरेको कार्यसम्पादन मूल्याङ्कन प्रतिवेदन अनुमोदन गरी आवश्यक कार्वाही गर्ने निर्णय गरियो ।

३. पुथा उत्तरगङ्गा गाउँपालिका शिक्षा शाखा प्रमुख राम प्रशाद खड्काले प्रस्तुत गरेको प्रतिवेदन अनुसार गाउँपालिका अन्तरगतका सामुदायीक विद्यालयहरुमा करारमा कार्यरत शिक्षक शिक्षिकाहरुको कार्य सम्पादन मूल्याङ्कन र अनुशासन र व्यक्तिगत आचरनको मुल्याङ्कन गर्दा पालिकाको व्यहभार अनुसार सषोजनक नदेखिएकोले करार सम्झौता भङ्ग गरी सोहि प्रतिवेदन अनुसार विज्ञापन आव्हान गर्ने निर्णय गरियो ।

४. पुथा उत्तरगङ्गा गाउँपालिका अन्तरगतका सामुदायीक विद्यालय तथा बाल विकास केन्द्रमा कार्यरत बाल विकास शिक्षकहरुलाई अनिवार्य रुपमा १० देखि ०४ बजे सम्म विद्यालयमा पठन पाठन गर्न पत्राचार गर्ने निर्णय गरियो ।

५. यस पुथा उत्तरगङ्गा गाउँपालिकाको नाममा दर्ता श्रेस्ता कायम रहेको रा १ झ २०० नम्बरको तपसिल अनुसार विवरण भएको सवारी साधन मिति २०८१ भाद्र २८ गते काठ्माण्डौ देखि रुकुम पूर्व फर्कदै गर्दा बाग्लुङ्ग जिल्ला स्थित गल्कोट नगरपालिका २ - भुङ्गानी भन्ने स्थानमा दुर्घटना भई पूर्ण रुपले क्षति भएको हिमालय एभरेष्ट इन्स्योरेन्स लिमिटेडको चगतेको पत्र ०३/१२/२०८१ मिति ३३६ .नं. जिल्ला प्रशासन कार्यालय बाग्लुङको चगतेको पत्रर यातायात व्यवस्था ०८/०९/२०८१ मिति १३४३ .नं. .कार्यालय तुल्सिपूर दाङको चनंगते ०७/१२/२०८१ मिति २३४७ .को सवारी अभिलेखवाट लगत कट्टा गरिएको प्राप्त पत्रानुसार उक्त गाडि पूर्ण रुपमा क्षति भएको हुदाँ सार्वजनिक सम्पति व्यवस्थापन प्रणाली (PAMS-V2) बाट जिन्सी मिनाहा गर्ने निर्णय गरियो ।

**गाडिको विवरण:-**

सवारी दर्ता नं .:-रा १ झ २००

चेसिस नम्बरः -MA1RU4TBKL3K89880

इन्जिन नम्बरः -TBL4K87063

६. पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं. ४ मा वडा सहायक पद रिक्त भएको हुदा उक्त रिक्त पदमा पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं. ५ मा वडा सहायक पदमा कार्यरत युविक वि.क. काजमा खटाउने निर्णय गरियो ।

७. पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं. ५ आधारभुट विद्यालय गर मा काजमा कार्यरत बाल विकास शिक्षक रश्मी पुनलाई पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं. ५ देउराली मा.वि. प्रा.वि. स्तरमा काजमा खटाउने निर्णय गरियो ।

CamScanner